नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्याः-
चलानी नं.:-

# प्रेस विज्ञप्ति

यस मन्त्रालयको मिति २०८२/११/१७ गतेको निर्णयानुसार मध्यपूर्वका (पश्चिम एसिया) देशहरुमा विकसित विषम परिस्थितिको कारण त्यहाँ कार्यरत नेपाली श्रमिक एवँ रोजगारीका लागि त्यस क्षेत्रमा जान चाहने श्रमिकहरुको सुरक्षा संवेदनशीलताका कारण साउदी अरेविया, UAE, कतार, कुवेत, वहराइन, ओमान, इराक, यमन, जोर्डन, लेवनान, टर्कि र इजरायल सहित मध्यपूर्वका देशहरुको लागि व्यक्तिगत र संस्थागत श्रम स्वीकृति स्थगन भइ कार्यान्वयनमा रहेको व्यहोरा सम्वन्द्ध सवैलाई विदितै छ।

सो सम्वन्धमा सम्वन्धित देशका गैरआवासीय नेपाली संघ, दूतावासहरु लगायत श्रम स्वीकृति समाप्त भएर पुनः नवीकरण गर्न नपाएका श्रमिकहरुले समेत पुनः श्रम स्वीकृति प्रदान गर्ने विषयमा विभिन्न माध्यमबाट पुनः श्रम स्वीकृति खुलाई पाउनका लागि माग गरेकोमा, परराष्ट्र मन्त्रालयको च.नं. CAWAA/MAA/७५६५, मिति २०८२/१२/०३ गतेको सिफारिस र वैदेशिक रोजगार विभागवाट समेत लेखी आएको आधारमा यस मन्त्रालयको मिति २०८२/१२/०३ गतेको निर्णयानुसार स्थगन भएका मुलुकहरुमध्येमा इरान, इजरायल, वहराइन, कुवेत, इराक र लेवनान बाहेकका अन्य मुलुकहरु (साउदी अरेविया, UAE, कतार, ओमान, यमन, जोर्डन, टर्कि) मा कार्यरत नेपाली श्रमिकहरुलाई र विदामा नेपाल आई पुनः उल्लेखित देशहरुमा रोजगारीका लागि फिर्ता हुन चाहने नेपाली श्रमिकलाई पुनः श्रम स्वीकृति प्रदान गर्ने निर्णय भएको व्यहोरा सम्वन्धित सवैको जानकारीका लागि अनुरोध छ।

मितिः २०८२/१२/०३

नेपाल संवत् ११४६ चिल्लागा त्रयोदशी

(पिताम्बर घिमिरे)
सहसचिव/प्रवक्ता

टेलिफोन नं.:- ०१-४२११९६३, ४२००४७६, ४२११६७८, ४२११७९१, फ्याक्स नं.:- +९७७-०१-४२११८७७,
टोल फ्रि नं.:- १६६००१५०००५, श्रमाधान कल सेन्टर फोनः- ११४१, ईमेलः- admin@moless.gov.np/info@moless.gov.np, वेव साईटः- www.moless.gov.np